गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,९२,८०० ▲ |
| चाँदी | : | ५१५० ▲ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २७८६.३५ (+२७.८५) ▲ |
| कारोबार रकम | : | ५,९८६,४१२,६०० ▲ |
| कारोबार भएका सेयर | : | १४,५४०,०२२ |
| कारोबार सङ्ख्या | : | ७५,५८६ |
| कारोबार भएका कम्पनी | : | ३४२ |

## सार्वजनिक सवारी दर्ता रोकिँदा व्यापार शृङ्खलामा असर पर्ने चिन्ता

**रङ्गेली समाचारदाता**
*विराटनगर, जेठ ११ गते*

सरकारले नयाँ सार्वजनिक सवारी साधन दर्ता रोक्का गरेपछि अटोमोबाइल्स व्यापारमा त्यसको 'चेन इफेक्ट' पर्ने व्यवसायीले बताएका छन्।

सरकारले कानुनलाई छलेर सार्वजनिक सवारी आयात हुने गरेको आशङ्का गरेर दर्ता रोकेको हुन सक्ने व्यवसायीले अड्कल गरेका छन्। सरकारले दर्ता नै रोक्ने निर्णय गर्दा त्यसको प्रभावमा अटोमोबाइल्स क्षेत्र नराम्रोसँग फस्न सक्ने उनीहरूको गुनासो छ।

यातायात व्यवस्था विभागले बिहीबार प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय, यातायात व्यवस्था कार्यालयमा परिपत्र गरेसँगै सार्वजनिक नयाँ सवारीसाधन दर्ता रोकिएको अटोमोबाइल्स डिलर एसोसिएसन कोशीका उपाध्यक्ष मनोजविक्रम शाहले बताउनुभयो।



उपाध्यक्ष शाहका अनुसार सरकारको निर्णयले अटोमोबाइल्स क्षेत्रको चेन व्यापारमा एकै पटक ब्रेक लागेको छ। यसले गर्दा हजारौँ रोजगारमा आश्रितलाई समस्या पर्ने छ। शाहका अनुसार नयाँ सवारी दर्ता रोक्दा लगानी प्रभावबाहेक बिमा, टायर, लुब्रिकेन्टस्, पार्टस्देखि सिट कभर निर्माण गर्नेसम्मको क्षेत्र प्रभावित हुने छ।

पूर्वनेपाल यातायात कम्पनी प्रालिका सञ्चालक राजु धमलाका अनुसार कालो प्लेटका प्रायः सवारी चेसिज बडी मात्रै आयात हुन्छ। बाँकी 'स्ट्रक्चर' यहीँका ग्यारेजमा बन्छन्। त्यो भएकाले सार्वजनिक सवारी आयातमा लामो समयसम्म दर्ता रोक्ने हो भने ठुलो सङ्ख्यामा रोजगारी प्रभावित हुने छ। पछिल्लो समय विद्युतीय सवारी (इभी) भने कम्पनी निर्माणमै आउने गरेका छन्। धमलाका अनुसार बस र ट्रकको संरचनासहित आयात हुँदैन। कोशीमा अहिले दर्सौंलक्षित व्यवसायीले आयात गरेका सवारी धमाधम बनिरहेको धमलाले जानकारी दिनुभयो।

अहिले सरकारले कालो नम्बर प्लेट अन्तर्गत राखिएको सार्वजनिक सवारीको दर्तामा रोक लगाएको हो। त्यसबाहेकको कारोबार यथावत् छ। डिलर एसोसिएसन कोशीका उपाध्यक्ष शाहका अनुसार कोशी प्रदेशमा ३५० को हाराहारीमा अटोमोबाइल्स कारोबारी सङ्घमा आबद्ध छन्। सङ्घमा आबद्धबाहेकको सङ्ख्या यकिन छैन।

सरकारको निर्णयसँगै सार्वजनिक सवारी साधन अन्तर्गत बस, ट्रक, माइक्रो बसको बिक्रीवितरण रोकिएको छ। बिक्रीवितरण मात्रै नभई भन्सार कार्यालयबाट प्रवेश गर्ने सवारी कानुनले नचिन्ने गरी थन्किने छन्।

सरकारले गरेको यो निर्णय लामो जान नहुने अटोमोबाइल्स डिलर एसोसिएसनका पूर्वअध्यक्ष सुभाष आचार्य बताउनुहुन्छ। आचार्यले सरकारले राम्रैका लागि यो निर्णय लिएको हुन सक्ने विश्वास लिनुपर्ने बताउनुभयो। उहाँले कहीँ न कहीँ ठुला आयातकर्ताले भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर छल्न सार्वजनिक सवारी मोडिफाई गरेको आशङ्का सरकारले गरेको बताउनुभयो।

महालेखा परीक्षकको ६३ औँ वार्षिक प्रतिवेदनले समेत भन्सारबिन्दुमा गलत वर्गीकरण गरेर सवारीसाधनको जाँचपास गर्दा कर छली हुने गरेको निष्कर्ष निकालेको स्मरण गर्दै आचार्यले विलासी र निजी प्रयोजनका सवारीलाई सार्वजनिक सवारी बनाएर जाँचपास गराएको हुन सक्ने आशङ्का गर्नुभयो। भन्सार महसुल अन्तःशुल्क र भ्याट छल्न विलासी र निजी सवारीलाई सार्वजनिक सवारीको सूचीमा राख्ने, मिनी बसलाई बसको सूचीमा राख्ने सम्भावना हुने गरेको छ।

खास गरी कम्पनीमा बडी निर्माण भएका गाडीको हकमा भने छदेखि १४ सिटसम्मलाई 'ज' वर्गमा राखेर कर लाग्छ। यसमा एक सिट मोडिफाई गरेर थपेपछि १५ देखि ५२ सिटको 'ख' वर्गमा पर्ने कर बुझाउने गरिएको हुन सक्ने आशङ्का गरिएको छ। सवारीमा जति बढी सिट उति कम राजस्व हुने नीति राखिएको छ।

यातायात व्यवसायी धमलाले जिप र पिकअपलाई समेत मिनीबस बनाएर भन्सार जाँचपास गराउने गरेको चर्चा यसअगाडि आफूहरूले सुन्ने गरेको बताउनुभयो। कार, जिप, भ्यान र डबल क्याब पिकअपमा भन्सार महसुल, अन्तःशुल्क र भ्याट बढी रहेको छ।


लक्ष्मीपुर पतारी गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महेशपुर पतारी, सिरहा
मधेश प्रदेश, नेपाल

**प्रस्ताव पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०२/१२ गते**

यस लक्ष्मीपुर पतारी गाउँपालिकाको निर्णयानुसार चालु आ.व.२०८२/०८३ को लागि देहाय बमोजिम स्वीकृत सीप विकास तालिम तथा जनचेतना सम्बन्धी तालिम कार्यक्रमहरू गैरसरकारी संस्था समुदायमा आधारित संस्थाहरूको सहकार्यमा सञ्चालन गर्नु पर्ने भएकोले देहायमा उल्लेखित कार्यक्रमहरूको लागि कानुन बमोजिम योग्यता पुगेका गैरसरकारी संस्था/समुदायमा आधारित संस्थाहरूबाट तपसिल अनुसारको प्रमाणित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र मिति २०८३/०२/२६ गते सम्म प्रस्ताव पेश गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालन अवधि | रकम रु. |
|---|---|---|---|
| १ | बेरोजगार व्यक्तिहरूलाई सीपमूलक तालिम (Home appliance सम्बन्धी ) | १५ दिन | ४ लाख |
| २ | महिलाहरुको लागि सिपमूलक तालिम (आचार बनाउने सम्बन्धी ) | १५ दिन | ४ लाख |
| ३ | युवाहरूको लागि सिपमूलक तालिम (Plumbing सम्बन्धी ) | १५ दिन | ४ लाख |
| ४ | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्धन कार्यक्रम | ७ दिन | १ लाख |
| ५ | सिपमूलक तालिम (Mason/ डकर्मी सम्बन्धी ) | १५ दिन | ५ लाख |
| ६ | लागु पदार्थ दुव्यर्सन विरुद्ध सचेतनात्मक कार्यक्रम | ३ दिन | २ लाख |
| ७ | सामाजिक बेथिति तथा महिला हिंसा न्यूनीकरण सम्बन्धी सडक नाटक सञ्चालन | ३ दिन | ३ लाख |
| ८ | वडा नं.-६ मा लक्षित कार्यक्रम (लहठी/चुरा बनाउने तालिम ) | १५ दिन | ३ लाख |

**प्रस्ताव साथ पेश गर्नु पर्ने कागजातहरू**

१. आधिकारिक निकायमा दर्ता आबद्धता भएको।
२. संस्था नवीकरण भएको प्रमाणपत्र।
३. लेखा परीक्षण भएको प्रतिवेदन।
४. पान/भ्याटमा दर्ता भएको प्रमाणपत्र।
५. आ.व.२०८१/०८२ को आयकर चुक्ता प्रमाणपत्र।
६. गाउँपालिकाको आन्तरिक राजश्व खातामा रु. १०००/- (एक हजार) राजश्व तिरेको रसिद।
७. प्रत्येक कार्यक्रमको लागि छुटाछुट्टै प्रस्तावनापत्र बुझाउनु पर्नेछ।
८. प्रस्तावित कार्यक्रमको विस्तृत कार्ययोजना पेश गर्नु पर्नेछ।
९. संघ/संस्थाले सम्बन्धित कार्य गर्ने प्राविधिक प्रशासनिक जनशक्तिको शैक्षिक योग्यता प्रमाणपत्र तथा अनुभव प्रमाण पेश गर्नुपर्नेछ।
१०. संस्थाको प्रोफाइल अनिवार्य पेश गर्नुपर्नेछ।
११. उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने स्थान कार्यालयले तोके बमोजिम र वडाको हकमा वडा कार्यालयले तोके अनुसार हुनेछ।
१२. सबै पेश भएका प्रस्तावनापत्रहरू १६ औँ दिनको २:०० बजे खोलिनेछ। सो दिन बिदा पर्ने भएमा त्यसको भोलिपल्ट खोलिनेछ।

**छनोटका आधारहरू**

१. कार्यक्रम सञ्चालन गर्ने जनशक्तिको योग्यता, दक्षता, प्रभावकारिता, मितव्यता र न्यूनतम कबोल रकम तथा अन्य प्रचलित मापदण्ड समेतको आधारमा प्रस्ताव स्वीकृत गरिनेछ।
२. यस सूचना सम्बन्धित कार्यक्रमको सन्दर्भमा मूल्याङ्कन स्वीकृत तथा अस्वीकृतको सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


## सहकारीको बचत रकम फिर्तामा राज्यकोष प्रयोग नभएको स्पष्ट

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ११ गते*

समस्याग्रस्त सहकारी संस्थाका बचतकर्ताको रकम फिर्ता प्रक्रियामा राज्यकोषको रकम प्रयोग गरिएको भन्ने विषयमा विभिन्न सार्वजनिक गुनासा तथा भ्रम फैलिएको भन्दै समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले त्यसप्रति ध्यानाकर्षण भएको जनाएको छ।

समितिले सोमबार प्रेस विज्ञप्तिमार्फत हाल नेपाल सरकारद्वारा समस्याग्रस्त घोषणा गरिएका सहकारी संस्थाका १० हजार रुपियाँभन्दा कम बचत मागदाबी भएका साना बचतकर्तालाई चरणबद्ध रूपमा रकम फिर्ता गर्ने कार्य भइरहेको छ। समितिले हालसम्म कुनै छुट्टै वित्तीय कोष स्थापना नभएको स्पष्ट गर्दै समस्याग्रस्त सहकारी संस्थाबाट ऋण असुली तथा सम्पत्ति व्यवस्थापनबाट प्राप्त रकममार्फत बचत फिर्ता प्रक्रिया सञ्चालन भइरहेको जनाएको छ।

विज्ञप्तिमा सहकारी ऐन, आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम, बजेट वक्तव्य तथा सर्वोच्च अदालतको आदेश अनुसार बचतकर्ताको रकम फिर्ता प्रक्रिया अघि बढाइएको उल्लेख गरिएको छ। साथै नेपाल सरकार मन्त्रीपरिषद्ले समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता वित्तीय कोष स्थापना तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०८३ जारी गरिसकेको पनि जानकारी दिइएको छ।

## किसानलाई दैनिक एक करोड भुक्तानी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ११ गते*

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले दुग्ध विकास संस्थान (डिडिसी) को सुधार कार्ययोजना अगाडि सारेसँगै दैनिक एक करोड रुपियाँ किसानलाई भुक्तानी भइरहेको जानकारी दिनुभएको छ।

पछिल्लो चार महिनाको ५८ करोड रुपियाँ बक्यौता दायित्वमध्ये हाल १२ करोड रकम भुक्तानी भइसकेको मन्त्री चौधरीले जानकारी दिनुभयो।

हाल दैनिक रूपमा ८० लाखदेखि एक करोड रुपियाँको कारोबार भइरहेकाले बाँकी रहेको ४६ करोड रुपियाँ दुई महिनामा भुक्तानी गरिने तयारी भइरहेको मन्त्री चौधरीले जानकारी दिनुभयो।

दैनिक कारोबार र भुक्तानी प्रक्रिया नियमित रूपमा अघि बढिरहेकाले बाँकी रकमसमेत चरणबद्ध रूपमा किसानको खातामा पुग्ने मन्त्री चौधरीले जानकारी दिनुभयो।

दुग्ध किसानको श्रम र योगदानको सम्मान गर्दै किसानको हितलाई प्राथमिकतामा राखेर समस्या समाधानका लागि सम्बन्धित निकायसँग निरन्तर समन्वय भइरहेको मन्त्रालयले जनाएको छ।



डिडिसीले दैनिक ६५ हजार लिटर दुध सङ्कलन गरिरहेकोमा ७५ हजार लिटर दुध बिक्री गरिरहेको जनाएको छ। अपुग १० हजार लिटर पाउडर र धुलो दुध प्रयोग गरी बजारमा पठाउने गरेको डिडिसीले जनाएको छ।

दैनिक दुई हजार केजी पाउडर र एक हजार केजी बटर घोलेर अपुग दुध बजारमा पठाउने गरिएको संस्थानले जनाएको छ।

दुध उत्पादनको सिजन अफ भएकाले कम परिमाणमा दुध सङ्कलन भएको संस्थानले जनाएको छ। पर्याप्त मात्रामा पाउडर र धुलो दुध मौज्दात रहेकाले किसानको रकम समयमा भुक्तानी गर्न नसकिएको मन्त्रालयले जनाएको छ। ७० करोड रुपियाँ बराबरको साढे चार सय मेट्रिक टन पाउडर र तीन सय मेट्रिक टन बटर मौज्दात रहेको डिडिसीले जनाएको छ।

मन्त्री चौधरीको निर्देशनमा डिडिसी घाटामा गएको र समयमा किसानको भुक्तानी गर्न नसकेको भन्दै कर्मचारीले पाउँदै आएको घिउ र दुधको सुविधासमेत कटौती भइसकेको छ। कर्मचारीले दैनिक एक लिटर दुध र मासिक एक केजी घिउ पाउँदै आएका थिए।

## लिखु-४ को खर्च विवरणमाथि प्रश्न

**ओखलढुङ्गा समाचारदाता**
*ओखलढुङ्गा, जेठ ११ गते*

खिजीदेम्बा गाउँपालिकामा सञ्चालित लिखु-४ जलविद्युत् आयोजनाले सामाजिक उत्तरदायित्व तथा वातावरणीय प्रभाव न्यूनीकरणका नाममा खर्च गरेको दुई करोड ५१ लाख ६३ हजार ९१० रुपियाँको विवरण सार्वजनिक भएपछि त्यसको प्रभावकारिता र पारदर्शितामाथि प्रश्न उठेको छ।




ग्रिन भेन्चर्स लिमिटेडद्वारा निर्माण गरिएको आयोजनाले गाउँपालिकाको आग्रहपछि २०८३ जेठ ७ गते खर्च विवरणसहितको प्रतिवेदन बुझाएको हो। कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्रीधर खनालले हस्ताक्षर गरी पठाइएको प्रतिवेदनमा वडा नं. १, २ र ३ मा विभिन्न शीर्षकमा रकम खर्च गरिएको उल्लेख छ। आयोजनाले सामाजिक उत्तरदायित्व तथा वातावरणीय प्रभाव न्यूनीकरणका नाममा गरेको खर्च विवरण सार्वजनिक गराउन प्रभावित क्षेत्रका स्थानीयले गाउँपालिकासँग माग गरेका थिए।

प्रतिवेदन अनुसार ती तीन वडाका लागि दुई करोड नौ लाख ८२ हजार ४१७ रुपियाँ विनियोजन गरिएकामा विभिन्न चरणमा दुई करोड १५ लाख ५४ हजार ७४८ रुपियाँ खर्च भएको जनाइएको छ। गाउँपालिकामार्फत गरिएको थप तीन लाख २५ हजार रुपियाँसमेत जोड्दा कुल खर्च दुई करोड ५१ लाख रुपियाँभन्दा बढी पुगेको कम्पनीको दाबी छ। कम्पनीले अधिकांश रकम वडाध्यक्षको सिफारिस तथा उपभोक्ता समितिको मागका आधारमा चेकमार्फत भुक्तानी गरिएको जनाएको छ। वडा नं. १ मा ८४ लाख ९८ हजार ९३३ रुपियाँ खर्च भएको विवरणमा उल्लेख छ। ग्रामीण विद्युतीकरण, खेल मैदान निर्माण, विद्यालय सहयोग तथा एम्बुलेन्स खरिदका लागि रकम उपलब्ध गराइएको कम्पनीले जनाएको छ। यद्यपि एम्बुलेन्स खरिदका लागि २०७८ भदौमा छ लाख रुपियाँ लिइएको भए पनि हालसम्म एम्बुलेन्स खरिद नभएको विषयले स्थानीयस्तरमा थप चासो बढाएको छ।

यस विषयमा संस्थासँग सम्बन्धित रोशन महतराले सामाजिक सञ्जालमार्फत कोरोना महामारीलगायतका कारणले खरिद प्रक्रिया पूरा हुन नसकेको र रकम संस्थामै सुरक्षित रहेको स्पष्टीकरण दिनुभएको छ। यसै गरी मन्दिर, घाट तथा अन्य सामुदायिक संरचनाका नाममा विभिन्न व्यक्तिले लाखौँ रुपियाँ बुझेको विवरणसमेत सार्वजनिक भएपछि खर्चको पारदर्शितामाथि स्थानीयले आशङ्का गरेका छन्। वडा नं. २ मा ४४ लाख १३९ रुपियाँ खर्च गरिएको कम्पनीले जनाएको छ। त्यसमध्ये फेताले-धाप-नाम्पु सडक निर्माणका लागि २५ लाख रुपियाँ तथा ग्रामीण विद्युतीकरणका लागि १५ लाख रुपियाँ खर्च गरिएको उल्लेख छ।

वडा नं. ३ मा सबैभन्दा बढी ८६ लाख ५५ हजार ६७६ रुपियाँ खर्च भएको प्रतिवेदनमा उल्लेख छ। खेल मैदान निर्माण, खिम्री खोला लघुजलविद्युत् मर्मत तथा सार्वजनिक सभा हल निर्माणमा उक्त रकम खर्च गरिएको कम्पनीले जनाएको छ। कम्पनीले प्रभावित क्षेत्रका स्थानीयलाई ३१ करोड २५ लाख रुपियाँ बराबरको शेयर वितरण गरिसकेको तथा सरकारलाई नियमित रूपमा रोयल्टी बुझाउँदै आएको दाबी गरेको छ। गाउँपालिकाले स्थानीय सेयर, राजस्व, रोजगारी, समन्वय तथा क्षतिपूर्तिसम्बन्धी विषयमा कम्पनीसँग लिखित जवाफ मागेपछि खर्च विवरण सार्वजनिक भएको हो। यस विषयमा स्थानीयवासीको लामो समयदेखिको गुनासो रहेकाले सत्यतथ्य छानबिनका लागि पहल गरिने गाउँपालिका अध्यक्ष गम्बु शेर्पाले बताउनुभयो। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट २०६८ फागुन २८ गते अनुमति प्राप्त आयोजना २०७८ कात्तिक २१ गतेदेखि सञ्चालनमा आएको थियो।


**माथिल्लो इन्खु खोला जलविद्युत् आयोजना (२४.२२ मेगावाट) सम्बन्धी सार्वजनिक सूचना**

**(दोस्रोपटक सूचना प्रकाशित मिति : २०८३/०२/१२ गते)**

कोशी प्रदेश, सोलुखुम्बु जिल्लाको सोताङ, महाकुलुङ र माप्य दुधकोशी गाउँपालिकामा अवस्थित इन्खु खोलाको पानीलाई उपयोग गर्दै नदी प्रवाहमा आधारित (Run off River) को २४.२२ मेगावाट क्षमताको माथिल्लो इन्खु खोला जलविद्युत् आयोजना निर्माण गर्न श्री युनिभर्सल पावर कम्पनी लिमिटेडले विद्युत् ऐन, २०४९ को दफा ४२ विद्युत् नियमावली २०५० को नियम १२ बमोजिम दरखास्त पेश गरेको हुनाले विद्युत् नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनका लागि प्रबर्द्धक युनिभर्सल पावर कम्पनी लिमिटेडबाट प्रेषित आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन तथा वन तथा वातावरण मन्त्रालयमा स्वीकृतिका लागि पेश भएको उक्त आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन प्रतिवेदनअनुसार आयोजनासम्बन्धी तपशिलका विवरणहरू खोली यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावित माथिल्लो इन्खु खोला जलविद्युत् आयोजना निर्माण तथा सञ्चालन गर्दा आयोजना स्थलमा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र विद्युत् विकास विभाग वा उक्त कम्पनीको कार्यालयसमक्ष आफ्नो लिखित राय-सुझाव प्रतिक्रिया पेश गर्न सक्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आयोजनासम्बन्धी विवरणहरू**

१. युनिभर्सल पावर कम्पनी लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६७ सालमा स्थापना भएको संस्था हो। यसको मुख्य उद्देश्य विद्युत् उत्पादन तथा प्रसारण गर्ने रहेको छ।
२. माथिल्लो इन्खु खोला जलविद्युत् आयोजनाको जडित क्षमता २४.२२ मेगावाट हुनेछ र यसबाट वार्षिक सरदर १४६.६२ गिगावाट घण्टा (GWh) विद्युतीय ऊर्जा उत्पादन हुनेछ। यस आयोजनाको डिजाइन वहाव (Design Discharge) ७.४५ घन.मि प्रतिसकेण्ड र कुल हेड (Gross Head) ४०० मिटर रहनेछ।
३. आयोजना स्थलको भौगोलिक सिमाना निम्नानुसार कायम गरिएको छ।
देशान्तर : पूर्व ८६°४६'००" पूदेखि पश्चिम ८६° ४७'३८" पू सम्म
अक्षांश : उत्तर २७° ३४' ०३" उ. देखि दक्षिण २७°३६'०९" उ सम्म।
४. यस आयोजनाको सम्पूर्ण संरचनाहरू सोलुखुम्बु जिल्लाको सोताङ, महाकुलुङ र माप्य दुधकोशी गाउँपालिका भएर बग्ने इन्खु खोलाको दाहिने किनारमा रहनेछन्। इन्खु खोलामा बाँध बाँधी खोलाको दायाँ किनारमा निर्माण हुने साइड इन्टेकबाट पानी फर्काइ सो पानीलाई आयोजनाका मुख्य संरचनाहरू बालुवा थिग्रयाउने पोखरी, हेडरेस सुरुङ्ग, सर्ज साफ्ट, पेनस्टक, होरिजन्टल र भर्टिकल साफ्ट हुँदै भूमिगत विद्युत् गृहमा लगिनेछ। तत्पश्चात् टेलरेस नहरमार्फत् पुनः इन्खु खोलामा पठाइनेछ।
५. विद्युत् उत्पादनका लागि इन्खु खोलाको पानी फर्काउन यस आयोजनामा २९.० मि. लम्बाई र ९.५६ मि. उचाइ भएको ओगी आकारको वेयर निर्माण गरिनेछ। यसरी जम्मा गरिएको पानीलाई २ वटा २ मिटर चौडाइ र ४ मिटर उचाइको साइड इन्टेक बाट २.५ मि. ब्यास र ७९.५ मि. लामो एप्रोच नहरमार्फत हपर आकारको वालुवा थिगार्ने पोखरीमा पठाइनेछ। यसरी थिग्राइएको पानीलाई २.८ मि. ब्यास भएको २९५० मि. लामो हेडरेस सुरुङमार्फत २०.० मि. उचाई र ६.० मि. ब्यास भएको सर्ज शाफ्टमा पुऱ्याएर ८२५.० मि. लामो भूमिगत पेनस्टक पाइपबाट तेर्सो र ठाडो शाफ्ट हुँदै ५५.० मि. X १४.० मि. लामो भूमिगत विद्युत् गृहमा रहेको २ वटा पेल्टन टर्बाइनसम्म पुऱ्याइनेछ।
६. इन्खु खोलाको दाहिने किनारामा प्रस्ताव गरिएको ५५ मिटर लम्बाई १४ मिटर चौडाई र १६ मिटर उचाई भएको विद्युत् गृहमा जडान गरिने २ वटा १२.६१४ मेगावाट (MW) क्षमताका पेल्टन टर्वाइनहरूमा पानी खसाली टर्वाइनसँग जोडिएको २ वटा Synchronous 3 phase जेनेरेटरमार्फत २४.२२ मेगावाट विद्युत् उत्पादन गरिनेछ। टर्वाइनको एक्सिस लेभल समुद्री सतहबाट करिब १७५०.०० मिटर उचाईमा हुनेछ।
७. विद्युत् उत्पादनपछि २१२.७३ मिटर लम्बाई र ३ मिटर ब्यास भएको टेलरेसमार्फत पानीलाई पुनः इन्खु खोलामा पठाइनेछ। टेलरेसको नर्मल वाटर लेभल समुद्री सतहबाट करिब १७४३ मिटर उचाइमा हुनेछ।
८. विद्युत् गृहमा उत्पादित विद्युत्लाई विद्युत् गृहको भित्रपट्टि बनाइने स्वीचयार्डमा जडान हुने ११/१३२ के.भि को २ वटा पावर ट्रान्सफरमरमा जोडी त्यहाँबाट करिब ५० कि.मि. लम्बाइमा बनाइने १३२ के.भी.को सिङ्गल सर्किट प्रसारण लाइनमार्फत नेपाल विद्युत् प्राधिकरणको सितलपाटी सब-स्टेशनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिने छ।
९. प्रस्तावित आयोजनाको बाँध क्षेत्र भन्दा तल्लो तथा विद्युत् गृह भन्दा माथिल्लो क्षेत्रमा पाइने जीवजन्तु जलचर तथा बोटविरुवाका लागि स्वीकृत हुने वातावरणीय प्रभाव मूल्याइन (EIA) प्रतिवेदनअनुसार इन्खु खोलामा निरन्तर पानी छाडिनेछ।
१०. यो आयोजनाबाट मिति २०८९ साल फागुन महिनाबाट विद्युत् उत्पादन हुने प्रस्ताव गरिएको छ।
११. आयोजनाको निर्माण तथा सञ्चालन गर्दा विद्युत् ऐन, २०४९ को दफा २४ बमोजिम भूक्षय, वायु प्रदुषण आदिद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनअनुसार गर्न लगाइनेछ।

आयोजनाका संरचनाहरूको अवस्थितिबारेको विवरण देहायबमोजिम रहेको छ।

**माथिल्लो इन्खु खोला जलविद्युत् आयोजना (२४.२२ मेगावाट)को संरचनाहरू रहने स्थान**

| सि.नं | संरचना | रहने स्थान |
|---|---|---|
| १. | हेडवर्क्स, इन्टेक, ग्राभेल ट्र्याप, डिस्याण्डिङ्ग वेसिन, हेडरेस सुरुङ्ग, विद्युत् गृह, टेलरेस | सोताङ, महाकुलुङ र माप्य दुधकोशी गाउँपालिका |

यस आयोजनाको सम्बन्धमा विस्तृत जानकारीका लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ।

**आयोजनाको विस्तृत जानकारीका लागि सम्पर्क ठेगाना**

| | |
|---|---|
| **युनिभर्सल पावर कम्पनी लिमिटेड**<br>त्रिपुरेश्वर- ११, काठमाडौँ, नेपाल<br>फोन नं. : ०१-५३५१४६३<br>Email: universal2067@gmail.com | **विद्युत् विकास विभाग**<br>सानोगौचरण, काठमाडौँ, नेपाल<br>फोन नं +९७७-१-४५३४११९, ४५११५३७<br>फोन. +९७७-१-४५३९९०३, पो.ब.नं.: २५००७<br>Email : keshababasnet910@gmail.com |